अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : १४ मिति : २०८१।०५।१२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

## माध्यमिक शिक्षा परीक्षा (S.E.E) मा ३.६ वा सोभन्दा माथि GPA प्राप्त विद्यार्थीका लागि एकमुष्ठ छात्रृत्ति अनुदान कार्यक्रमको कार्यान्वयन मापदण्ड, २०८१

अन्नपूर्ण गाउँपालिकाबाट स्वीकृत मिति: २०८१।०५।०६

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज को उपदफा (१६) मा भएको ब्यवस्था बमोजिम अन्नपूर्ण गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाको आ.ब. २०८१/८२ का लागि स्वीकृत भएको **माध्यमिक शिक्षा परीक्षा (S.E.E) मा ३.६ वा सोभन्दा माथि GPA प्राप्त विद्यार्थीका लागि एकमुष्ठ छात्रृत्ति अनुदान** कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजित भएकोमा सो कार्यक्रम कार्यान्वयनका लागि तोकिएको GPA प्राप्त गर्ने विद्यार्थीको लागि एकमुष्ठ अनुदान वितरणको मापदण्ड निर्धारण गरी पारदर्शि ढङ्गबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै विद्यार्थीलाई कक्षा ११-१२ अध्ययनमा आर्थिक सहायता सहित प्रोत्साहन र सामुदायिक विद्यालयको विषयगत सिकाई उपलब्धिमा सुधार गर्न आवश्यक देखिएकोले अन्नपूर्ण गाउँपालिकाको विनियोजन ऐन, २०८१ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "माध्यमिक शिक्षा परीक्षा (S.E.E) मा ३.६ वा सोभन्दा माथि GPA प्राप्त विद्यार्थीका लागि एकमुष्ठ छात्रृत्ति अनुदान कार्यक्रमको कार्यान्वयन मापदण्ड, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्दछ ।

ख. **"माध्यमिक विद्यालय"** भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा बाह्रसम्मको शिक्षा दिने नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्दछ ।

ग. **"छात्रवृत्ति"** भन्नाले यस कार्यविधिमा तोकिएको मापदण्ड अनुसार यस स्थानीय तहमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि SEE परीक्षा तोकिएको GPA प्राप्त गरेबापत कक्षा ११-१२ अध्ययनमा विद्यार्थी आर्थिक सहायता सहित प्रोत्साहन गर्नका लागि एकमुष्ठ रुपमा प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्दछ ।

घ. **"शाखा"** भन्नाले अन्नपूर्ण गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउदँछ ।

ङ. **"कार्यपालिका"** भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

च. **"कार्यालय"** भन्नाले गाउँ कार्यापालिकाको कार्यालयलाई जनाउदँछ ।

## परिच्छेद — २

## छात्रवृत्ति अनुदान कार्यक्रमको उद्देश्यहरु

२.१. सामुदायिक विद्यालयमा अध्ययनरत गरिव तथा जेहेन्दार विद्यार्थीलाई कक्षा ११-१२ अध्ययनमा प्रोत्साहनस्वरुप आर्थिक सहायता प्रदान गर्ने ।

२.२. सामुदायिक विद्यालयको सिकाई उपलब्धि अभिवृद्धि गरी सामुदायिक विद्यालयप्रति विद्यार्थीहरुलाई आकर्षित गर्ने ।

## परिच्छेद — ३

## छात्रवृत्तिका लागि विद्यार्थी छनौट मापदण्ड तथा सिफारिस सम्बन्धी व्यवस्था

**३.१. छात्रवृत्ति अनुदान वितरणका लागि विद्यार्थी छनौट तथा सिफारिस आधारः** यस कार्यविधि बमोजिम SEE परीक्षामा ३.६ वा सोभन्दा माथि उच्चतम GPA प्राप्त गर्ने विद्यार्थीका लागि एकमुष्ठ छात्रवृत्ति कार्यक्रमका लागि विद्यार्थी छनौट तथा सिफारिस गर्दा निम्न आधारहरु अवलम्बन गरिनेछ ।

क. छात्रवृत्ति अनुदानका लागि इच्छुक विद्यार्थीले अनुसूचि -१ बमोजिको दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ।

ख. छात्रवृत्ति अनुदानका लागि इच्छुक विद्यार्थीले अन्नपूर्ण गाउँपालिका स्थित सामुदायिक विद्यालयमा कक्षा- १० सम्म अध्ययन गरी SEE परीक्षामा उत्तीर्ण भएको हुनुपर्दछ ।

ग. छात्रवृत्ति अनुदान रकम प्राप्त गर्नको लागि अनिवार्य रुपमा SEE परीक्षामा ३.६ वा सोभन्दा माथि उच्चतम GPA प्राप्त गरेको हुनुपर्नेछ ।

घ. निवेदनका साथ सम्बन्धित विद्यालयबाट प्रमाणित लेजर र प्रवेशपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

ङ. यस प्रकारको कुनै पनि छात्रबृत्ति अनुदान चालु आर्थिक बर्षमा प्राप्त नगरेको हुनुपर्दछ ।

**३.२. छात्रवृत्ति छनौट तथा सिफारिस समितिः** (१) छात्रवृत्ति अनुदान कार्यक्रमका लागि अनुसूचि- १ बमोजिमकको ढाँचामा प्राप्त निवेदकहरुको मुल्याङ्क र छनौट गरी शिक्षा शाखा समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ग. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजना बिज्ञ ब्यक्तिलाई आमन्त्रित समस्याको रुपमा राख्न सकिनेछ ।

**३.३ समितिको काम, कर्तब्य र अधिकारः** छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. SEE परीक्षाको नतिजा प्रकाशन भएको पहिलो हप्ताभित्र अनुदान रकम मागका लागि शिक्षा शाखामार्फत सूचना प्रकाशित गर्न लगाउने ।

ख. छात्रवृत्ति अनुदान वितरणका लागि दफा ३.१ बमोजिम छात्रवृत्ति छनौट तथा सिफारिसका आधारमा विद्यार्थी छनौट र सिफारिस गर्ने ।

ग. छनौट भएका विद्यार्थीहरुको विवरण स्थानीय तह र वडा कार्यालयमा समेत सरोकारवालाहरु सबैले स्पष्ट देख्ने गरी सूचना टाँस गर्न लगाउने ।

घ. छात्रवृत्तिका लागि विद्यार्थी छनौट सम्बन्धमा विद्यार्थीहरुको पीरमर्का सम्बन्धी कुनै उजुरीहरु प्राप्त भएमा छानविन गरी निर्णय दिने ।

ङ. छनौट विद्यार्थीहरुको छात्रवृत्ति अनुदान बापतको रकम सम्बन्धित विद्यार्थीको खातामा निकाशाका लागि शिक्षा शाखामा सिफारिस गर्ने ।

## परिच्छेद — ४

## कार्यान्वयन प्रक्रिया र छात्रवृत्ति अनुदान

**४.१. कार्यक्रमको कार्यान्वय प्रक्रियाः** कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम गरिनेछ ।

क. SEE नतिजा प्रकाशन भएको पहिलो हप्ताभित्र आवश्यक कागजात सहित इच्छुक विद्यार्थीहरुको निवेदन संकलन गर्ने गरी सूचना प्रकाशन गरिनेछ । सूचनाको विवरण वडा कार्यालय र विद्यालयमा समेत पठाइनेछ ।

ख. तोकिएको म्यादभित्र प्राप्त निवेदनहरुलाई छात्रवृत्ति छनौट तथा सिफारिस समितिको बैठक मार्फत दफा ३.१ मा तोकिएको मापदण्डका आधारमा गरी छनौंट गरी शिक्षा शाखामा अनुदान रकम निकाशाका लागि सिफारिस गर्नेछ ।

ग. छनौट तथा सिफारिस विद्यार्थीले छात्रवृत्ति रकम प्राप्त गर्नको लागि आफ्नै नाममा बैङ्क खाता भएको हुनुपर्दछ र गाउँपालिकाबाट अनुदान निकाशा गर्दा खातामा मात्र रकम निकाशा गरिनेछ ।

**४.२. छात्रवृत्ति अनुदान रकमः**

क. अन्नपूर्ण गाउँपालिका स्थित SEE परीक्षामा ३.६ वा सोभन्दा माथि उच्चतम GPA प्राप्त विद्यार्थीलाई कक्षा ११-१२ अध्ययनमा प्रोत्साहन स्वरुप एकमुष्ठ २४ हजार रुपैंया छात्रवृत्ति रकम उपलब्ध गराइनेछ।

**४.३. छात्रवृत्ति पाउन योग्य नहुने अवस्थाः** गलत वा झुँठ्ठा विवरण भरी निवेदन पेश गरेको प्रमाणित भएमा विद्यार्थी छात्रवृत्ति पाउन योग्य हुने छैन् ।

## परिच्छेद — ५

## विविध

**५.१. अनुगमन तथा सुपरीवेक्षण सम्बन्धि ब्यवस्थाः** छात्रवृत्तिको उपलब्धता, प्रयोग, शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगती सम्बन्धमा वडा शिक्षा समिति र गाउँपालिकाबाट समेत आवश्यक अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

**५.२. छात्रवृत्तिमा हेरफेर हुनेः** SEE परीक्षामा ३.६ वा सोभन्दा माथि उच्चतम GPA प्राप्त गर्ने विद्यार्थीलाई कक्षा ११-१२ अध्ययनमा प्रोत्साहन स्वरुप छात्रवृत्ति अनुदान कार्यक्रमको लागि विनियोजित बजेटको उपलब्धताको आधारमा कति जनासम्मलाई छात्रवृत्ति अनुदान उपलब्ध गराउने भन्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

**५.३. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिमा उल्लेखित कुनै कुरामा द्विविधा वा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**५.४. खारेजी र बचाउः**

**(१)** माध्यमिक तह SEE परीक्षामा प्राप्त GPA मा आधारित एकमुष्ठ छात्रवृत्ति अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ ।

**(२)** माध्यमिक तह SEE परीक्षामा प्राप्त GPA मा आधारित एकमुष्ठ छात्रवृत्ति अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारबाहरु यस मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूचि- १**

(दफा ३.१ को खण्ड (क) सँग सम्बन्धित)

अन्नपूर्ण गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय

म्याग्दी

**छात्रवृत्ति अनुदान रकम प्राप्त गर्न भर्नुपर्ने दरखास्त फाराम**

१. विद्यार्थीको नामथरः

२. अंग्रेजीमा (In Capital):

३. SEE परीक्षा सिम्बोल नं.-

४. स्थायी ठेगानाः

५. छात्र/छात्राः

६. SEE परीक्षामा सहभागी विद्यालयको नाम र ठेगानाः

७. अध्ययन धारः साधारण/प्राविधिक

८. आमा/बुबाको नाम थरः

९. सम्पर्क नम्बरः

१०. २०८१ को नतिजा विवरणः

| क्र.स. | विषय | सैद्धान्तिक र प्रयोगात्मक सहित GP | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | | |
| २ | अंग्रेजी | | |
| ३ | गणित | | |
| ४ | विज्ञान तथा प्रविधि | | |
| ५ | सामाजिक अध्ययन/ऐ. गणित | | |
| ६ | ऐच्छिक. प्रथम | | |
| ७ | ऐच्छिक. द्वितीय | | |
| ८ | विधागत तृतीय | | |

| | | | |
|---|---|---|---|
| ९ | विद्यागत चतुर्थ | | |
| | Total GPA | | |

सम्बन्धित विद्यार्थीको हस्ताक्षरः.......................

प्रमाणित गर्ने विद्यालयको- विद्यालयको छाँप

प्र.अ. को नामथरः..................................................

हस्ताक्षरः ..............................................................

मितिः.........................

राजपत्रमा प्रकाशित मिति : २०८१।०५।१२

आज्ञाले

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत